फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली

बैठक संख्याः- आ.व. ०८२/०८३- १५
मितिः-२०८३/२/७ गते विहिवार
फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा प्रस्तावहरूमा छलफल गरि निर्णय गरियो ।
उपस्थितिः

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | पार्वती सुनुवार | |
| २. | उपाध्यक्ष | राजु बराल | |
| ३. | १ नं. वडा अध्यक्ष | होम बहादुर सुनुवार | |
| ४. | २ नं. वडा अध्यक्ष | शंकर बहादुर भण्डारी | |
| ५. | ३ नं वडा अध्यक्ष | टेक बहादुर रजन मगर | |
| ६. | ४ नं. वडा अध्यक्ष | मोहन मगर | |
| ७. | ५ नं. वडा अध्यक्ष | बैकुण्ठलाल पहाडी | |
| ८. | ६ नं. वडा अध्यक्ष | कुलेन्द्र बहादुर मगर | |
| ९. | कार्यपालिका सदस्य | लिल बहादुर सुनुवार | |
| १० | कार्यपालिका सदस्य | पूर्णमाया थापा मगर | |
| ११. | कार्यपालिका सदस्य | टिकामाया विश्वकर्मा | |
| १२. | कार्यपालिका सदस्य | तारा विश्वकर्मा | |
| १३. | कार्यपालिका सदस्य | सावित्रा कुमारी थापा मगर | |
| १४. | कार्यपालिका सदस्य | मंगलादेवी तामाङ | |
| १५. | प्रमुख प्रशासकीय अधिकृत | डम्वरबहादुर रजनमगर | |

Scanned with CamScanner

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा
(२) आगामी आर्थिक वर्ष ०८३/०८४ को बजेट तर्जुमा कार्यतालिका सम्बन्धमा
(३) आ.व. ०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा
(४) रकमान्तर सम्बन्धमा
(५) विषयगत समितिको प्रतिवेदन तर्जुमा सम्बन्धमाः
(६) आर्थिक सहायतता सम्बन्धमाः
(७) कृषि यान्त्रिकरण कार्यक्रम सम्बन्धमाः
(८) कृषि एम्बुलेन्सको भुक्तानी सम्बन्धमाः
(९) पौति सिंचाई आयोजनाको साझेदारी रकम भुक्तानी सम्बन्धमाः
(१०) विज्ञापन कर सम्बन्धमाः
(११) विपद् क्षतिपूर्ति सम्बन्धमाः
(१२) भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा
(१३) वन डढेलो रोकथाम सम्बन्धी चेतनामूलक सडक नाटकको भुक्तानी
(१४) कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा

Scanned with CamScanner

**निर्णय नं. १. गत बैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमाः**

गत बैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयवाट भएका पहिलो चौमासिक अवधिमा विकास निर्माण कार्य तथा सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी दिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २. आगामी आ.व. ०८३/०८४ को बजेट तर्जुमा कार्यतालिका सम्बन्धमा**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधिनमा रही आगामी आ.व. ०८३/०८४ को लागि बजेट तर्जुमा कार्यतालिका तपसिल वमोजिम गर्नेः

तपसिलः

| चरण | बजेट तर्जुमा सम्बन्धी कार्य | समयसीमा | जिम्मेवारी |
|---|---|---|---|
| बस्ती/टोलस्तरीय छलफल र आयोजना सङ्कलन | प्रत्यक वडामा बस्ती/टोलस्तरीय भेला तथा छलफलका लागि कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड | जेठ ९ गतेभित्र | वडा समिति |
| | वडा समितिका प्रत्येक वडा सदस्यको संयोजकत्वमा बस्ती/टोलस्तरीय भेला गरी आयोजना वा कार्यक्रम सङ्कलन गरी वडा समितिमा पेश गर्ने | जेठ १५ गतेभित्र | वडा समिति |
| वडा/टोलस्तरीय आयोजना प्राथमिकीकरण | बस्ती/टोलस्तरबाट प्राप्त आयोजना वा कार्यक्रमको विषयगत क्षेत्रानुसार वर्गीकरण गर्ने | | |
| | विषयगत समिति मार्फत प्राप्त बजेट मार्गदर्शन र सीमाको आधारमा आयोजना तथा | | |

| | | | |
|---|---|---|---|
| | कार्यक्रमको प्राथमिकीकरण गरी विषयगत समितिमा पेश गर्ने | | |
| विषयगत समितिमा छलफल तथा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | वडा समिति र विषयगत शाखा मार्फत प्राप्त बजेट तथा कार्यक्रमको विषयगत समितिमा छलफल, प्राथमिकीकरण र साङ्केतीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने | जेठ मसान्तभित्र | विषयगत समिति, वडा समिति र विषयगत शाखा |
| | एकीकृत आयव्ययको अनुमान, वार्षिक विकास कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयकको मस्यौदा तयार गरी कार्यपालिकामा पेस गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |

**निर्णय नं. ३. विद्यालयको प्रस्ताव छनौट सम्बन्धमा:**

संघीय सशर्त बजेट शीर्षक विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ पुस्तकालय विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन बजेट कार्यान्वयनका लागि शिक्षा शाखाबाट प्रस्ताव आह्वान गरिएकोमा पेश भएका तपसिल बमोजिम विद्यालयहरुलाई छनौट गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.स. | विद्यालयको नाम | प्रस्तावित कार्य | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रत्नगंगा मा.वि. सोखु डिहिटार फिक्कल-६ | विज्ञान प्रयोगशाला | १० लाख | |
| २ | फिक्कल मा.वि. सोल्पा, फिक्कल-५ | विज्ञान प्रयोगशाला | १० लाख | |

**निर्णय नं. ४. आ.व. ०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा:**

आ.व. ०८१/०८२ को अन्तिम लेखपरीक्षण प्रतिवेदन महालेखापरीक्षकको कार्यालयबाट मिति २०८३/१/३० गते प्राप्त प्रतिवेदन उपर छलफल गरी जानकारी प्राप्त गरियो । प्रतिवेदनमा दिईएको

Scanned with CamScanner

सुझावहरुको पूर्ण पालना गर्न र औंल्याईएको बेरुजु फस्यौंटका लागि सम्बन्धित विषयगत समिति, शाखा, पदाधिकारी र कर्मचारीहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५. रकमान्तर सम्बन्धमा:

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ८०३२५५०४००१ | करार सेवा शुल्क | १८,५०,०००.०० | |
| २ | ८०३२५५०४००१ | कर्मचारी पारीश्रमिक | १५,००,०००.०० | |
| ३ | ८०३२५५०४००१ | भैपरी आउने चालु | ५,००,०००.०० | |
| ४ | ८०३२५५०४००१ | भैपरी आउने पुंजिगत | ९,५०,०००.०० | |
| | | | ४८,००,०००.०० | |

वढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ८०३२५५०४००१ | पालिका र पालिका अन्तगर्त रहेका विभिन्न कार्यालयहरुको टेलिफोन र इन्टरनेट महशुल/संचार महसुल | २,००,०००.०० | |
| २ | ८०३२५५०४००१ | अन्य कार्यालय संचालन सम्बन्धी खर्च | ५,००,०००.०० | |
| ३ | ८०३२५५०४००१ | सभा समारोह तथा अतिथी सत्कार संचालन खर्च | ५,००,०००.०० | |
| ४ | ८०३२५५०४००१ | विविध खर्च | ५,००,०००.०० | |
| ५ | ८०३२५५०४००१ | फिक्कल मेला २०८३ संचालन कार्य | ५,५०,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | ८०३२५५०४००१ | पौतीमा भलिवल प्रतियोगिता संचालन अनुदान | ३,००,०००.०० | |
| ७ | ८०३२५५०४००१ | लोकप्रकाश आ.वि ठुलीबनको छाना मर्मत लगायतका कार्यहरु | ७,५०,०००.०० | |
| ८ | ८०३२५५०४००१ | आवधिक योजना लगायत विविध छपाईहरु | ५,००,०००.०० | |
| ९ | ८०३२५५०४००१ | सवारी साधन मर्मत खर्च | ५,००,०००.०० | |
| १० | | नवलपुर दारिमबोट चण्डिभञ्ज्याङ लिफ्ट खानेपानी आयोजनाको इनार संरक्षण | ५००००० | |
| | | | ४८,००,०००.०० | |

**निर्णय नं. ६. विषयगत समितिको प्रतिवेदन तर्जुमा सम्वन्धमाः**

आगामी कार्यपालिका र गाउँसभा वैठकमा पेश गर्नको लागि कार्यपालिकाको पाँचवटै विषयगत समिति र गाउँसभाको तीनवटा समिति लगायत अन्य समितिले अनिवार्य आफ्नो समिति अन्तर्गतको एकीकृत प्रतिवेदन अनिवार्य तर्जुमा गरी पेश गर्नको लागि विषयगत समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७. आर्थिक सहायता सम्वन्धमाः**

तपसिल वमोजिम आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | नाम | ठेगाना | कारण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | खड्ग बहादुर सुनुवार | फिक्कल १ | मृगौला फेल | २५००० | |
| २ | यसोदा पहाडी | फिक्कल ४ | पेटको समस्या | १०००० | |
| ३ | रणमान दमाई | फिक्कल ३ | पक्षघात लगायत रोग | १०००० | |
| ४ | जानकीमाया मगर | फिक्कल ५ | | १०००० | |
| ५ | देउ कुमारी दमाई | फिक्कल १ | पाठेघर सम्वन्धी समस्या | ७०००० | |
| ६ | मनुमाया तामाङ | फिक्कल ६ | घाँटी र मेरुदण्डको अप्रेसन | २०००० | |
| ७ | देवका पहाडी | फिक्कल २ | हातखुट्टा भाचिएको | १०००० | |
| ८ | भुपाल आले मगर | फिक्कल २ | एपेन्डिक्स | १०००० | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | कुमार परियार | फिक्कल ३ | किड्नीमा समस्या | १०००० | |
| १० | गणेश बहादुर सुनुवार | फिक्कल ५ | पेटमा समस्या | १०००० | |
| ११ | विष्णु बहादुर मगर | फिक्कल ५ | पेटमा समस्या | १०००० | श्रीमती रामरती राना मगर |
| १२ | सरोज श्रेष्ठ | फिक्कल ५ | मेरूदण्डको रोग | १०००० | |
| १३ | अर्जुन बहादुर रम्तेल | फिक्कल २ | क्यान्सर | १०००० | |
| १४ | टेक बहादुर सुनुवार | फिक्कल २ | क्यान्सर | १०००० | |
| १५ | भद्रिका मगर | फिक्कल १ | नसा सम्बन्धी समस्या | १०००० | |
| १६ | तुलसा भुजेल | फिक्कल १ | किट्नीमा समस्या | १०००० | |
| १७ | डम्बरबहादुर सार्की | फिक्कल ३ | प्रेसर, सुगर | ७००० | श्रीमती शान्तमाया सार्की |
| १८ | पेशल कुमार बराल | फिक्कल ६ | फोक्सोमा इन्फेक्सन | २०००० | छोरा प्रज्वल बराल |

**निर्णय नं. ८. कृषि यान्त्रीकरण कार्यक्रम सम्बन्धमा**

कृषि यान्त्रीकरण (मिनीटिलर खरिदमा अनुदान) कार्यक्रम सञ्चालनका लागि २०८२/१२/१४ गतेको कार्यपालिका बैठकबाट कोलस्टोर सञ्चालन तथा व्यवस्थापन, उत्पादनमा अनुदान र टिमुर र भागा खेती प्रवर्द्धन कार्यक्रमको रकमान्तर गरी कृषि यान्त्रीकरण कार्यक्रममा संशोधित गरिएको हुँदा, कार्यक्रमका लागि कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरूलाई प्रस्ताप आह्वान गरिएकोमा आर्थिक विकास समितिको मिति २०८३/०१/२२ गतेको प्रस्ताव छनौट सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने साथै लाभगारी सङ्ख्या अधिक भएको हुँदा तोकिएको बजेट सीमा भन्दा बढी बजेट आवश्यक रहेकोले बाझो जमिन खेती प्रवर्द्धन कार्यक्रमबाट अपुग हुने रकम अनुदान स्वरूप कृषि यान्त्रीकरण कार्यक्रमका लाभग्राहीलाई भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ९. कृषि एम्बुलेन्सको भुक्तानी सम्बन्धमा।**

Scanned with CamScanner

गाउँपालिकालाई बागमती प्रदेश सरकारबाट हस्तान्तरण कार्यक्रम सशर्त अनुदानतर्फको पालिकासँगको साझेदारीमा कृषि एम्बुलेन्स खरिद फिक्कल गा.पा. कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाबाट सूचना प्रकाश गरिएको र प्राप्त आवेदन उपर मूल्याङ्कन गर्दा सुनकोशी सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेड फिक्कल गा.पा. -४ छनौट गरि सम्झौता गरिएकोएको हुँदा हालसम्मको प्रक्रियालाई अनुमोदन गर्ने र आवश्यक प्रक्रिया पुऱ्याई सुनकोशी सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेडलाई सम्झौता अनुसार रु २० लाख रकम निकासा गर्ने निर्णय गरियो।

**निर्णय नं. १०. पौति सिंचाई आयोजनाको साझेदारी रकम भुक्तानी सम्बन्धमाः**

सिड्स नेपाल, सिन्धुली, पौति सिंचाई आयोजना र फिक्कल गाउँपालिका बिच भएको सम्झौता बमोजिमको फिक्कल गाउँपालिकाले बेहोर्ने गैर स्थानीय सामाग्रीहरुका लागि रु. २ लाख रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११. विज्ञापन कर सम्बन्धमाः**

फिक्कल गाउँपालिका क्षेत्र भित्रका विभिन्न स्थानमा प्रयोग भएका तथा राखिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञापनहरुको कर सङ्कलनका लागि सबैभन्दा बढी बोलकबोल गर्ने तपसिलमा उल्लेखित फर्मलाई आ.व. २०८२/०८३, २०८३/०८४ र २०८४/०८५ सम्म क्रमशः रु १५०००, १६५०० र १८१५० (मु.अ.क. बाहेक) रकम बुझाउने गरी पेश भएको प्रस्ताव स्वीकृत गरी कार्यदिश दिने निर्णय गरियो ।

तपसिलः

१. ऋतिक मिडिया प्रा.लि. ललितपुर महानगरपालिका-१० ललितपुर

**निर्णय नं. ११. विपद् क्षतिपूर्ति सम्बन्धमाः**

विभिन्न समयमा भएको विपदमा भएको क्षतिपूर्तिको लागि तपसिल बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम | क्षतिको विवरण | रकम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | छोटे कामी | हावाहुरीले घर र गोठको छानो पूर्ण | | फिक्कल ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रुपमा क्षति | | | |
| २ | दुर्गा बहादुर सुनुवार | बाघले ९ धार्नीको ४ ओटा खसी र २ दुई ओटा ब्याउने माउ मारेको | २०००० | फिक्रल ५ | |
| ३ | सरस्वती राना मगर | चट्याङ्ले ब्याउने माउ सुगुर मारेको | २०००० | फिक्रल ५ | |
| ४ | बुद्दि बहादुर मगर | करेन्ट सट भई ब्याउने माउ बाखा मरेको | १०००० | फिक्रल५ | |
| ५ | गंगा बहादुर अछामी | हावाहुरीले खरले छाएको मतान उडाएको | | फिक्रल २ | |
| ६ | टेक बहादुर दमाई | हावाहुरीले घरको जस्ताको छानो उडाएको | | फिक्रल २ | |
| ७ | उदय बहादुर श्रेष्ठ | हावाहुरीले खरको एकपाटो उडाएको | | फिक्रल २ | |
| ८ | रुद्र बहादुर लुङ्गेली | हावाहुरीले खरको घर र मतानको छानो उडाएको | | फिक्रल २ | |
| ९ | महमाया नेपाली | हावाहुरीले ट्वाईलेटको जस्ताको | | फिक्रल ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | छानो उडाएको | | | |
| १० | कैकिमाया मगर | हावाहुरीले मतानको जस्ताले छाएको छानो उडाएको | | फिक्कल २ | |
| ११ | लोकेन्द्र बहादुर कटुवाल | हावाहुरीले घर र मतानको जस्ताको छाना उडाएको | | फिक्कल २ | |
| १२ | जोगमाया जोगी | हावाहुरीले घरको जस्ताको छाना उडाएको | | फिक्कल २ | |
| १३ | नन्द कुमारी पहाडी | हावाहुरीले घरको जस्ताको छाना उडाएको | | फिक्कल ३ | |
| १४ | भुमिकेशर जोगी | हावाहुरीले घरको बरण्डा र जस्ताको छाना उडाएको | | फिक्कल २ | |
| १५ | लोकनाथ पहाडी | हावाहुरीले घरको जस्ताको छानो उडाएको | | फिक्कल ४ | |
| १६ | सावित्रा सार्की | हावाहुरीले गोठको जस्ताको छानो उडाएको | | फिक्कल २ | |
| १७ | वुद्धिमाया मगर | हावाहुरीले जस्ताले छाएको गोठ ढालेर | २०००० | फिक्कल ३ | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | पुर्ण क्षति भएको | | | |

**निर्णय नं. १२. भेरियसन आदेश सम्बन्धमा**

आ. व. २०८२/०८३ मा यस कार्यालय मार्फत कार्यान्वयन हुने मिनि ट्रमा संचालन तथा व्यवस्थापन कार्य र बान्द्रे कोल्डस्टोर निर्माण तथा मर्मत कार्य फिक्कल- ३ र ४ गर्नको लागि विधुतीय खरिद प्रक्रियावाट बोलपत्रका सम्पूर्ण चरणहरु पुरा गरी मिति २०८२।०८।२४ गते श्री मकालु निर्माण सेवा कमलामाई ०४ सिन्धुली, सिन्धुली सँग रु.३७,२८,८६७.८२ (भ्याट र पिएस सहित) सम्झौता भइ मिती २०८३।०२।३१ गते सम्म कार्यसम्पन्न गर्नुहुन भनि कार्यदिश दिएको। उक्त भवन निर्माण तथा मर्मत गर्ने क्रममा मिनि ट्रमा सेन्टर भवनको भुइ तल्ला (Ground Floor) मा रङरोगन, द्रोस्रो तल्लामा रात्रीकालिन सेवाको लागी क्वार्टर, रात्रीकालिन सुरक्षाको लागी Parapet Wall भवनको सिलिङमा पुटीङ, भवन अगाडी सडक तर्फ Stone Masonry Retaining Wall निर्माण गर्नु पर्ने भएको हुँदा उक्त थप परीमाणको नापजाच सहित विभिन्न Items को परीमाण संसोधन सहित लागत अनुमान भन्दा २०.९२% र सम्झौता भन्दा १८.६७ % थप वजेट सहित संसोधित लागत अनुमान (Variation Order) तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम १ बमोजिम भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३. वन डढेलो रोकथाम सम्बन्धी चेतनामूलक सडक नाटकको भुक्तानी**

वन डढेलोको मुख्य कारण मानवीय लापरवाही ,चेतनाको कमीका कारणले हुने भएकोले रोकथाम सम्वन्धी जानकारीमूलक सडक नाटक शिद्धबाबा टेलिभजन, सिन्धुलीको सहकार्यमा जनचेतनामूलक सडक नाटक कार्यक्रम संचालन गरे वापत शिद्धवावा टेलिभिजन, सिन्धुलीलाई रु ३००००।- (अक्षररुपी रु तिस हजार) दिने निर्णय गरियो।

**निर्णय नं. १४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा:**

फिक्कल गाउँपालिकाको भूमि बैंक स्थापना र संचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

# फिक्कल गाउँपालिकाको भूमि बैंक स्थापना र सञ्चालन कार्यविधि

# २०८३

## प्रस्तावना

भूउपयोग ऐन २०७६ को दफा २१ (२) को भूमि बैंक स्थापना र कार्यान्वयन गर्न सक्ने प्रावधानको मार्गदर्शन र भूउपयोग (तेस्रो संसोधन) नियमावली २०८२ को परिच्छेद ४ क अन्तर्गत नियम १३ (क) देखि १३ (छ) सम्मको व्यवस्थालाई कार्यान्वयन गर्ने हेतुले फिक्कल गाउँपालिकाले भूमि बैंक स्थापना र सञ्चालन कार्यविधि, २०८३ तर्जुमा गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस कार्यविधिको नाम फिक्कल गाउँपालिकाको भूमि बैंक स्थापना र सञ्चालन कार्यविधि, २०८३ रहेको छ ।

२) यो कार्यविधि फिक्कल गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२ विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

१) "भूमि बैंक" भन्नाले गाउँपालिका भित्र जग्गाजमिन भाडामा लिएर कृषि कार्य, पशुपालन वा साना तथा घरेलु उद्योगमा लगानी गर्ने प्रयोजनका लागि गाउँपालिकाले सञ्चालन गर्ने जमीनको विधिसम्मत भाडा/लिज प्रणालीलाई सम्झनु पर्दछ ।

२) यस अन्तर्गत गाउँपालिका क्षेत्रभित्र प्रयोग नभएका, वेवारिसे, खाली छोडिएको जग्गालाई गाउँपालिकाले एकत्रित गरि व्यवस्थापन र विकास गर्ने अवधारणालाई समेत जनाउँदछ ।

३) कृषि कार्य भन्नाले कृषिसँग सम्वन्धित (फलफूल, तरकारी, नगदेवाली, तेलहन वाली, दलहन तथा अन्नबाली) खेती र कृषि उपज, भण्डारण, प्रशोधन तथा विक्रि वितरण, विविधिकरण र कृषिसँग सम्वन्धित साना व्यवसाय सम्झनु पर्दछ ।

४) पशुपंक्षी पालन भन्नाले (गाईभैसी पालन, वाख्रापालन, वंगुर पालन, माछापालन, कुखुरापालन, टर्कीपालन तथा हाँसपालन) र पशुजन्य पदार्थ (दुध, मासु, अण्डा) प्रशोधन तथा विक्रि वितरण, विविधिकरंण गर्ने साना व्यवसाय सम्झनु पर्दछ ।

५) साना तथा घरेलु उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ ले परिभाषित गरेका उद्योग सम्झनु पर्दछ ।

**३. भूमि बैंक संचालनको संस्थागत व्यवस्था**

१) यो कार्यक्रम गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत भूमि बैंक शाखा स्थापना गरी सो मार्फत संचालन गरिनेछ ।

२) भूमि बैंक सञ्चालनसँग सम्वन्धित कार्यहरु जस्तै जग्गाको माग गर्ने, लगत राख्ने, जग्गा संकलन गर्ने, जग्गादातासँग गाउंपालिकाको तर्फवाट सम्झौता गर्ने, उक्त जग्गालाई बैंकको रुपमा पञ्जीकरण गर्ने र माग बमोजिम लिजमा दिने कार्य भूमी बैङ्क शाखाले गर्नेछ ।

३) भूमि बैंक शाखामा कार्य गर्ने जनशक्ति व्यवस्था कार्यपालिकाले खटाउनेछ ।

**४. जग्गा प्राप्तिको प्रस्ताव माग गर्ने र आशय पेस गर्ने**

१) खेर गैरहेको जमिनलाई उत्पादनमूलक कार्यमा ल्याउन गाउँपालिकाको भूमि बैंक शाखाले २१ दिने म्याद दिई प्रस्ताव आह्वानको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

२) उक्त सूचना प्रत्येक वडा कार्यालयहरूको सूचना पाटीमा समेत टाँस गरिनेछ । मागको प्रकृति हेरेर शाखाले म्याद थप गर्न सक्नेछ ।

३) सूचना प्रकाशन पश्चात् इच्छुक जग्गाधनीले निवेदनका साथ देहाय वमोजिमका कागजातहरु गाउँ कार्यपालिकाको कार्यालय भूमि बैंक शाखामा पेश गर्नुपर्दछ ।

- निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
- जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि ।
- सम्वन्धित वडाका कुनै सदस्यको सिफारिस ।

४) जग्गा डिपोजिटका लागि जग्गाधनीले पेश गर्ने आसयको ढाँचा यसैसाथ अनुसूचीमा दिइए वमोजिम हुनेछ ।

**५. भूमि बैंकले प्राप्त गर्ने जग्गाको मापदण्ड**

- जग्गाको एकल कित्ताको क्षेत्रफल न्यूनतम ५ रोपनी भएको ।
- जग्गामा सडक वा पैदल वाटोको निकास नक्सांकन भएको ।
- पानीको स्रोत (खोला, धारा, कुवा) बाट अधिकतम २ किमीको दुरीमा भएको ।

Scanned with CamScanner

- जग्गाको बनोट समथर वा भिरालोमा गरा प्रणालीको रहेको ।
- नदी कटान वा पहिरोको जोखिमबाट टाढा रहेको ।
- लिज प्रदान गर्ने न्यूनतम अवधि २ वर्षको हुनुपर्ने ।
- जग्गाको कित्ता नक्सामा साँध सिमाना स्पष्ट रुपमा छुट्टिएको ।
- यदि भिरालो पाखो जमीन भूमी बैंकमा राख्न चाहेमा लिज अवधि ५ वर्षको हुनुपर्नेछ ।

६. भूमि बैंकले जग्गा लिजमा लिनुपर्ने

१) उल्लिखित मापदण्ड भित्रको जग्गा भूमि बैंक समक्ष लिजमा दिन रितपूर्वक निवेदन दिएमा बैंकले डिपोजिट लिनु पर्नेछ ।

२) भूमि बैंकले जग्गा लिज प्राप्त गर्दा निर्धारित अवधिका लागि जग्गाको भु-बनोट र वातावरणमा प्रतिकुल असर नपर्ने गरी आन्तरिक तथा बाह्य लगानीकर्ताहरुले भोगचलन गर्न पाउने भनी सम्बन्धित जग्गा धनीहरुसँग सम्झौता गर्नु पर्नेछ ।

३) भूमि बैंकले प्राप्त गर्ने जग्गाको भाडादर सम्बन्धित जग्गाधनीसँग प्रस्तावित लिज अवधिका लागि गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. आवश्यक पूर्वाधार विकास गर्न सक्ने

१) एउटै क्लस्टरको न्युनतम ५ रोपनी जग्गा ५ वर्षका लागि भूमि बैंकमा मौज्दात हुन आएको अवस्थामा गाउँपालिकाले आवश्यकता अनुसार बाटोको निकास, पानी तथा विजुली जस्ता पूर्वाधारहरुको विकास गर्न सक्नेछ ।

२) विद्युत तथा खानेपानी पूर्वाधारहरुको विकासका निम्ति प्रशासनिक सिफारिस र अनुमति प्रक्रिया सम्बन्धित जग्गाधनीले व्यवस्था मिलाउनु पर्नेछ ।

८. भूमि बैंक मार्फत प्राप्त गर्ने जग्गाको उपयोगका विषय क्षेत्रहरु

गाउँपालिकाद्धारा सञ्चालित भूमि बैंक मार्फत इच्छुक लगानीकर्ताले माग गर्ने जग्गामा देहाय बमोजिमका कार्यहरु सञ्चालन गर्न पाउनेछन्:

- खाद्यान्न कृषि उत्पादन
- तरकारी तथा दलहन बाली
- फलफुल वा मसला बालीको खेती
- पशुपालन का लागि घाँस खेती वा गोठ राख्ने
- साना तथा घरेलु उद्यम सञ्चालनका लागि औद्योगिक पूर्वाधार स्थापना
- होटेल, रेस्टुरेन्ट जस्ता पर्यटनमुलक व्यवसाय स्थापना

**८. भूमि बैंक मार्फत भाडामा लिन चाहनेहरुलाई आशय पत्र माग गर्ने**

१) भूमि बैंकमा मौज्दात भएका सम्पूर्ण जग्गा जमिनहरुको विवरण र उपलब्ध लिंज अवधि खुलाई इच्छुक व्यक्ति, सहकारी वा निजी कम्पनीसँग जग्गा माग गर्ने सम्बन्धी सूचना बैंकमा जग्गा उपलब्ध भएकोमा ३० दिन भित्र प्रकाशित गर्नुपर्नेछ। सूचनाको अवधि १५ दिनको हुनेछ ।

२) यस्तो सूचना गाउँपालिकाले लगानीकर्तालाई तोकिएको क्षेत्र (कृषि कार्य, पशुपालन वा साना, लघु तथा घरेलु उद्योग) मा मात्र उपयोग गर्ने गरी मार्फत सूचित गर्नु पर्दछ ।

३) सूचनामा भूमि बैंकमा मौज्दात भएका जग्गाको स्थान, जग्गाको उपयोगिता, उपलब्ध लिज अवधि र क्षेत्रफल आदि विषयहरु उल्लेख गरिनु पर्दछ ।

४) भूमि बैंकमा मौज्दात भएका सम्पूर्ण जग्गाको अवस्थिति आन्तरिक तथा बाह्य लगानीकर्ताहरुले अवलोकन गर्न सक्नेछन् र आफ्नो अनुकुलको जग्गा रहेको व्यहोरा गाउँपालिकालाई निवेदन मार्फत जानकारी गराउन सक्नेछन् ।

९. जग्गाको लिज/भाडा दर निर्धारण

१) कार्यक्रम संचालनका लागि भूमि बैंकमा मौज्दात भएका सम्पूर्ण जग्गाहरुको भाडा निर्धारण गर्न गाउँपालिका उपाध्यक्षको अध्यक्षतामा प्रमुख प्रशासकिय अधिकृत र भूमि बैंक हेर्ने कर्मचारी रहने ३ सदस्यीय जग्गा लिज भाडा निर्धारण समिति रहनेछ ।

२) तोकिएको भाडा समयानुकुल न्यूनतम हुनुपर्नेछ र भाडा रकम निर्धारण गर्दा सो जग्गावाट उत्पादन हुने कृषि वस्तुको वजार मूल्यलाई आधार मान्नु पर्नेछ ।

Scanned with CamScanner

३) भूमि बैंकले लगानीकर्तासँग प्रत्येक २/२ वर्षमा भाडा समायोजन गर्ने गरी सम्झौता गर्नुपर्नेछ ।

४) भाडा निर्धारण भई लगानीकर्तासँग सम्झौता गरे पश्चात गाउँपालिकाले जग्गाधनीलाई नियमानुसार करकट्टी गरी भाडा बापतको रकम उपलब्ध गराउनेछ ।

५) माथि जे उल्लेख गरिएको भएता पनि लगानीकर्तालाई तोक्ने भाडा दर जग्गाधनीलाई डिपोजिट वापत प्रदान गरिने भाडा भन्दा कम तोक्न सकिने छैन ।

१०. आवेदक लगानीकर्ताको छनोट

१) जग्गा लिजमा प्राप्त गर्ने आशय को म्याद सकिएको १ हप्ता भित्र भूमि वैंकले आवेदकलाई सम्पर्क गर्न सूचित गर्नु पर्नेछ ।

२) निर्धारित जमिनको उपयोगका लागि निर्धारित समय भित्र एक भन्दा धेरै व्यक्ति वा कम्पनीले माग पेस गरेको अवस्थामा भूमि वैंकले निर्धारण गरेको भाडा दर तिर्न मञ्जुर गरेको जुन आवेदकले पहिले माग पेस गरेको हो निजलाई छनोट गर्नुपर्नेछ ।

३) पहिलो चरणको सूचनामा पालिका भित्रका लगानीकर्ता, कम्पनी वा संस्थाहरु मात्र आवेदनका लागि योग्य हुनेछन् ।

४) यदि पहिलो सूचनामा स्थानीय आवेदनहरु प्राप्त नभएमा पून ७ दिनको म्याद सहित अर्को सूचना प्रकाशन गर्नु पर्नेछ । दोस्रो पटक प्रकाशित सूचना नेपालभरी वाट प्रप्त गर्न सकिनेछ ।

११.. जमीनमा थप संरचना निर्माण र लिज अवधि पश्चात जमिन फिर्ता

१) लगानीकर्ताले भूमि वैंकवाट प्राप्त भएका जग्गामा व्यवसायिक प्रवर्द्धन गर्दा जग्गा चक्लाबन्दी वा कुनै स्थायी संरचना निर्माण गर्नु परेमा गाउँपालिकाको भूमि वैंकलाई जानकारी दिनुपर्नेछ ।

२) लगानीकर्ताले जग्गा भोगचलन गर्दा प्राविधिक रुपले सम्भाव्य, वातावरण प्रतिकूल प्रभाव नपार्ने र दिगो विकासमा असर नगर्ने खालको क्षेत्रमा मात्र लगानी गर्नुपर्नेछ ।

३) सम्झौता अनुसारको समयसिमा नकट्ने गरी लगानीकर्ताले भोगचलन गर्दै आएको जग्गा भूमि बैंकलाई अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ । भूमि वैंकले सम्बन्धित जग्गाधनीसँग पुनः लगानी गर्न आह्वान गर्ने वा नगर्ने भन्ने विषयमा जग्गाधनी सँगको छलफल पश्चात सो बारे निर्णय गर्नेछ ।

Scanned with CamScanner

४) एक पटक भूमि बैंकमा राखिएको जग्गा निजी लगानीकर्ताले २ देखि २० वर्षसम्म भोगचलन गरे पश्चात सो जग्गामा जग्गाधनीको सहमति विपरित भूमि बैंकले थप कुनै कार्य गर्ने छैन ।

५) नियमानुसार भूमि वैंक र जग्गाधनी बिच निर्धारित अवधिका लागि जग्गा उपलब्ध गराउने सम्झौता भए पश्चात् जग्गाधनीले अवधि समाप्ति अगावै सो जग्गा बेचबिखन गर्न पाउने छैन ।

६) सम्झौता अवधि भित्र जग्गाधनीले जग्गा बेचविखन गर्नुपर्ने वाध्यात्मक परिस्थिति वा लिलाम हुने अवस्था आएमा लगानीकर्ताले गरेको सम्पूर्ण लगानीको क्षतिपूर्ति जग्गाधनीले तिर्नु पर्नेछ ।

१२. भूमि बैंकमा मौज्दात जमिन गाउँपालिकाले प्रयोग गर्न सक्ने

यदि भूमि बैंकमा उपलब्ध जमिनको लिजका लागि चरणवद्ध सूचनामा कुनै आवेदन प्राप्त नभएमा गाउँपालिकाले स्थानीय विद्यालय वा कृषि शाखाको प्रयोजनका लागि अध्ययन वा नमूना प्लटको रुपमा उपयोग गर्न सक्नेछ ।

१३. भूमि बैंकले अन्य जमीन मौजुदा राख्न सक्ने

१) निजी व्यक्तिको स्वामित्वमा भएता पनि विगत ५ वर्ष देखि बाँझो छोडिएको भनि स्थानीय वासिन्दा र वडा कार्यालयले प्रमाणित गरेको जमीन भूमि बैंकले आफ्नो मातहतमा ल्याउन सक्नेछ ।

२) नदी किनारा तथा वनको सिमानमा पर्ने रुख विरुवा नभएको सार्वजनिक जमीन यदि सरकारी निकायद्धारा अन्य प्रयोग नगरेको पाइएमा भूमि बैंकले आफ्नो मातहत ल्याई संरक्षणमूलक कार्य गर्ने र समूदायलाई लिजमा दिई बाँस वा फलफूलजन्य विरुवा रोप्न अनुमति दिन सक्नेछ ।

१४ विविध

१) यस कार्यविधिमा उल्लेख नभएका विषयहरु नेपालको प्रचलित कानुन वमोजिम हुनेछन् ।

२) यस कार्यविधि गाउँ कार्यपालिकाले समय-समयमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची १

दफा ४(४) सँग सम्बन्धित

Scanned with CamScanner

(जग्गा डिपोजिटका लागि जग्गा धनीले पेस गर्ने आशयको ढाँचा)

जग्गा धनीको नाम/थरः.......................................................

ठेगानाः...........................टोलः..................जग्गाको किसिमः........................

कित्ता नं........................क्षेत्रफलः......................जग्गाको किसिमः........................

जग्गा रहेको स्थानको ठेगानाः..........................वडा नं..........टोल/स्थान..............

१. जग्गाको विवरण

क) जमिनको बनोट (सम्मो, भिरालो, ढुङ्ग्यान भएको, झाडी भएको, ठुलठुला रुख भएको, जङ्गल भएको)

ख) सिंचाईको व्यवस्था भएको/नभएको:

ग) नजिकै पानीको श्रोत भएको/नभएको:

घ) पानीको स्रोत भए कति मिटर टाढा रहेको:

ङ) माटो कस्तो प्रकारको छ (रातो, बलौटे,ढुङ्गागिटि, मिक्स भएको, कालो)

च) भिरालो/सम्मो बारी/खेत छ भने कति वटा छ संख्या उल्लेख गर्ने:

छ) खेतका गरा छन भने कति ओटा छनः

ज) पारीलो तथा ओसिलो कस्तो प्रकारको छ:

२. भाडामा दिन चाहेको अवधि (कम्तिमा ५ वर्ष)

३. जग्गा सम्बन्धी अन्य कुराहरु भए खुलाउने:

४. आफ्नो मुख्य व्यवसाय:

५. गरपरिवार संख्याः बैदेशिक रोजारमा गएका संख्याः बेरोजगारी संख्याः

नेपालमा रोजगार प्राप्त गरेको संख्याः

६. बाझो जमिन आफैले प्रयोग गर्न नसक्नुको कारणः.........................................

..................................................................................................................

संग्लन गर्नुपर्ने कागजातः

१. निवेदन

२. जग्गाधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

४. जग्गाको नक्सा

Scanned with CamScanner